बैठक संख्याः ५।२०८२

बैठक मितिः २०८२।२।११ गते, समयः बिहान १०:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।२।११ गते आईतवार बिहान १०:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्क | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः ५।२०८२
बैठक मितिः २०८२।२।११ गते, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : स्थानीय सरकारी सेवा कर्मचारीको तह वृद्धि तथा स्तर वृद्धि सम्वन्धी कार्यविधि,२०८१ संशोधन सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : तह वृद्धि सिफारिस समिति गठन सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : सहकारी संस्थाको कार्यक्षेत्र विस्तार सम्वन्धमा ।
४. प्रस्ताव नं. ४ : सार्वजनिक शौचालय निर्माणको रकम भुक्तानी गर्ने सम्वन्धमा।
५. प्रस्ताव नं. ५ : सडक वोर्ड नेपालवाट सहमति प्राप्त योजनाहरुको कार्यान्वयन सम्वन्धमा।
६. प्रस्ताव नं. ६ : प्राविधिक समिति गठन सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

स्थानीय सरकारी सेवा कर्मचारीको तह वृद्धि तथा स्तर वृद्धि सम्वन्धी कार्यविधि,२०८१ मा देहाय वमोजिम संमशोधन गर्ने निर्णय गरियो ।

दफा ५ को उपदफा (१ )सट्टामा देहाय वमोजिम संशोधन गर्ने :

(१) ऐनको दफा २९ को उपदफा (५) वमोजिम ससकोशी नगरपालिका एवं अन्तर्गतमा कार्यरत कर्मचारीको तह वृद्धि सम्वन्धमा नगर कार्यपालिका समक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको कम्तिमा एक जना महिला कर्मचारी सहित अधिकृतस्तरको दुई जना कर्मचारी सदस्य रहेने गरी तीन सदस्यीय तह वृद्धि सिफारिस समिति हुनेछ ।

**निर्णय नं. २**

स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८१ को दफा २९ को उपदफा (५) वमोजिम कर्मचारी तह वृद्धिको लागि स्थानीय सरकारी सेवा कर्मचारीको तह वृद्धि तथा स्तर वृद्धि सम्वन्धी कार्यविधि,२०८१ को दफा ५ को उपदफा (१) वमोजिम ससकोशी नगरपालिका एवं अन्तर्गतमा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न तह वृद्धि सिफारिस समितिमा देहायका कर्मचारीहरुलाई तोक्ने निर्णय गरियो ।

**तपसिल**

(१ ) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
(२ ) जनस्वास्थ अधिकृत सातौं श्री महेश चौधरी - सदस्य
(३ ) लेखा अधिकृत, श्री कविता वस्नेत - सदस्य

CamScanner

बैठक संख्याः ५।२०८२

बैठक मितिः २०८२।२।११ गते, समयः बिहान १०:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

साथै, उल्लिखित तह वृद्धि सिफारिस समितिमा सहयोग पुऱ्याउन अधिकृत सातौं श्री प्रकाश सुवेदीलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सप्तकोशी नगरपालिका वडा नं.४ स्थित वलार्दह वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको च.नं.१६१ मिति २०८१।९।९ गतेको पत्रसाथ तेस्रो साधारण सभाको निर्णय सहित कार्यक्षेत्र विस्तारको लागि अनुरोध भई आएकोले सप्तकोशी नगरपालिका वडा नं. ६, वडा नं. ७, वडा नं.८, वडा नं.९ र वडा नं.१० मा कार्यक्षेत्र विस्तारको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

सप्तकोशी नगरपालिका र श्री माँ भगवती टोल विकास समितिसंग सम्झौता भए अनूरुप वडा नं. १ स्थित मुख्यचोकमा सार्वजनिक शौचालय निर्माण सम्पन्न भई जम्मा रु.२४८४८५४।२५पैसा वरावरको प्राविधिकवाट वील, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश हुन आएकोले चालु आ.व.२०८१।०८२ मा जनतासँग मेयर विकास कार्यक्रम शिर्षकमा विनियोजित वजेटवाट टोल विकास समितिको लागत साझेदारी कट्टा गरी प्राविधिक मूल्यांकन वमोजिमको रकम रु.१९,८७,८५९।७२ पैसा सम्वन्धित समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा सडक वोर्ड नेपालवाट च.नं.२३१३ मिति २०८२।२।६ गतेको पत्र मार्फत देहायका योजनाहरुमा कार्यक्रम संचालन गर्न सहमति प्राप्त भएकोले उक्त योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | योजनाको नाम र ठेगाना | कुल लागत रु. | सडक वोर्डले व्यहोर्ने रकम रु. | न.पा.ले व्यहोर्ने रु. | उभोसको लागत सहभागिता रु. |
|---|---|---|---|---|---|
| १ | मंगल हटिया तथा मुख्य सडक वडा नं. ८ | १६८४३१६।- | ९४८९६८।- | ४०६७०१।- | ३२८६४७।- |
| २ | वलार्दह चोक सडक वडा नं.४ | १६८२५३५।- | ९४७९६५।- | ४०६२७०।- | ३२८३००।- |
| ३ | तिनकुने टोल सडक वडा नं. २ | १६८४३१६।- | ९४८९६८।- | ४०६७०१।- | ३२८६४७।- |

३/५

CamScanner

बैठक संख्याः ५।२०८२
बैठक मितिः २०८२।२।११ गते, समयः बिहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भगनी चोक तथा सन्तपुर टोल सडक वडा नं.१० | १६८६९९१।- | ९५०४७६।- | ४०७३४६।- | ३२९१६९।- |
| | जम्मा | ६७३८१५८।- | ३७९६३७७।- | १६२७०१८।- | १३१४७६३।- |

<u>निर्णय नं. ६</u>

ससकोशी नगरपालिका अन्तर्गतको गंगाजली खोला, वडा नं.५, मलेठ खोला वडा नं.११ र अमाहा-टयाङ्ग्रा खोला वडा नं. २ वाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको उत्खनन, संकलन, घाटगद्दी, ढुवानी एवं विक्री वितरण गर्ने प्रयोजनको लागि सुनरस कन्सल्टेन्सि एण्ड ट्रेडर्स प्रा.लि., वीरगञ्ज-१६, पर्सा मार्फत प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गराई तयार भएको IEE प्रतिवेदन मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृति प्राप्त गरी अन्तरिक राजश्व संकलनको लागि चालु आ.व.२०८१।०८२ मा ठेक्का व्यवस्थापनको प्रक्रिया अपनाउँदा अमाहा-टयाङ्ग्रा खोलाको ठेक्का लागेको तर गंगाजली खोला र मलेठ खोलाको ठेक्का लाग्न नसकेकोले आगामी आ.व.२०८२।०८३ मा उक्त गंगाजली खोला, मलेठ खोला र अमाहा-टयाङ्ग्रा खोलाहरुवाट ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको उत्खनन, संकलन, घाटगद्दी, ढुवानी एवं विक्री वितरण गर्न सकिने IEE प्रतिवेदनमा उल्लिखित देहाय वमोजिमको वार्षिक उत्खनन एवं संकलन गर्न सकिने नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको परिमाणको हालको मौज्दात/संचितिको ( Deposition) अवस्थाको स्थलगत रुपमा अध्ययन/Verification गरी के कति परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेलको उत्खनन, संकलन, घाटगद्दी, ढुवानी एवं विक्री वितरणको लागि ठेक्का वन्दोवस्ती गर्न सकिन्छ ? पछिसम्म फरक नपर्ने गरी IEE प्रतिवेदनमा अध्यावधिक हुने गरी प्रतिवेदन गर्न ईन्जिनियर सातौं श्री लोकेश चन्द्र पैकराको संयोजकत्वमा तपसिल वमोजिमको प्राविधिक समिति गठन गरी प्रविधिक समितिलाई निर्देशन गर्ने एवं नगर स्तरीय अनुगमन समितिवाट अनुगमन गरी पेश हुने प्रतिवेदन र प्राविधिक समितिवाट अध्यावधिक प्रतिवेदन प्राप्त भए पश्चात स्वीकृतिको लागि मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गरी पठाउने र आगामी वैठकमा छलफल गरी आ.व.२०८२।०८३ को लागि ठेक्का वन्दोवस्ती गर्ने निर्णय गरियो ।

४/५

CS CamScanner

बैठक संख्याः ५।२०८२

बैठक मितिः २०८२।२।११ गते, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**देहाय**

| सि.नं. | खोलाको नाम | IEE प्रतिवेदन अनुसारको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेलको परिमाण (घ.मि.)( ढुङ्गा-१०%, गिट्टी र ग्राभेल-७०%, र वालुवा-२० % ) वार्षिक परिमाण |
|---|---|---|
| १ | गंगाजली खोला वडा नं. ५ | ८०६०० घन मिटर |
| २ | मलेठ खोला वडा नं.११ | ७३८२४ घन मिटर |
| ३ | अमाहा खोला वडा नं.२ | १०८०० घन मिटर |

**प्राविधिक समिति गठन**

१. ईन्जिनियर सातौं श्री लोकेश चन्द्र पैकरा

२. अधिकृत सातौं श्री प्रकाश सुवेदी

३. ईन्जिनियर छैठौं श्री किशोर कुमार यादव

४. सम्वन्धित वडाको वडा अध्यक्ष

५. अ.स.ई. श्री मिथिलेश कुमार सन्त



CamScanner